# महालेखापरीक्षकको वार्षिक प्रतिवेदन २०७८

## तातोपानी गाउँपालिका

## जुम्ला




महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

# *Serving the Nation and the People*

## दूरदृष्टि (Vision)

जनहितका लागि जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुन प्रयत्नशील रहने ।

(We strive to be a credible institution in promoting accountability, transparency and integrity for the benefit of the people)

## गन्तव्य (Mission)

सरोकारवालालाई सार्वजनिक कोषको दक्षतापूर्ण उपयोग सम्बन्धमा आश्वस्त पार्न स्वतन्त्र एवम् गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide independent and quality audit service to assure our stakeholders that the public funds are efficiently used)

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | (Integrity) |
| स्वतन्त्रता | (Independence) |
| व्यवसायिकता | (Professionalism) |
| पारदर्शिता | (Transparency) |
| जवाफदेहिता | (Accountability) |

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
बबरमहल, काठमाडौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal

प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय
(लुम्बिनी प्रदेश, कर्णाली प्रदेश तथा सुदुरपश्चिम प्रदेश )

पत्र संख्या:२०७८/७९
च.नं.१८४

मिति:२०७८/५/४

श्री अध्यक्षज्यू,
तातोपानी गाउँपालिका, जुम्ला।

विषय: लेखापरीक्षण प्रतिवेदन ।

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस कार्यपालिकाको आर्थिक वर्ष २०७६।७७ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ । उक्त प्रतिवेदन लेखापरीक्षण ऐन ,२०७५ को दफा २०(३) र दफा २२ प्रयोजनकोलागि अनुरोध छ ।

(नारायण एम.सि.)
नायब महालेखापरीक्षक

**बोधार्थ:**
श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
सिंहदरबार काठमाडौं; -प्रतिवेदन संलग्न छ ।

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखापरीक्षण नियमितता, मितव्ययीता, कार्यदक्षता, प्रभावकारीता र औचित्यको आधारमा महालेखापरीक्षकबाट हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७६।७७ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र निकायसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको प्रमुख उद्देश्यहरुमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानूनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वियन, खरिद ब्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी र जवाफदेहिता एवं सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ । त्यसैगरी स्रोत साधनको प्राप्ती र उपयोग सम्बन्धमा प्रचलित कानूनको पालना भए नभएको विश्लेषण गरी वित्तीय ब्यवस्थापनमा सुधारका लागि सुझाव प्रस्तुत गरी सुशासन प्रबर्द्धनमा टेवा पुऱ्याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ ।

आर्थिक वर्ष २०७६।७७ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरु मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ । प्रतिवेदनमा दिएका सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहमा रहेको सीमित स्रोत साधनको उपयोग गरी विकास निर्माण र सेवा प्रवाहमा मितव्ययिता, दक्षता र प्रभावकारिता हासिल गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ । फलस्वरुप स्थानीय तहको कार्यसम्पादनमा जवाफदेहिता र पारदर्शिता प्रबर्द्धन हुने विश्वास लिइएको छ ।

लेखापरीक्षणबाट मूलतः आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय ठेक्का ब्यवस्थापनमा स्पष्ट कानूनी व्यवस्था नभएको, आय सङ्कलन न्यून रहेको, पर्याप्त आधार बेगर राजस्व छुट दिएको, बक्यौता असुलीमा प्रभावकारीता नआएको, बजेट अनुशासन कमजोर रहेको, अबण्डा बजेट राखेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानून विपरीत सोझै खरिद गरेको, अत्यधिक प्रशासनिक खर्च गरेको, बचत अनुदान फिर्ता नगरेको, वितरणमूखी खर्चको बाहुल्यता रहेको जस्ता प्रवृत्ति देखिएका छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, जटिल प्रकृतिका कार्यहरु समेत उपभोक्ता समितिबाट गराएको, तोकिएबमोजिम जनसहभागिता नजुटेको, दीगो विकासका लक्ष्य अनुरुप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालीन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक ब्यवस्थापनतर्फ आवश्यक अनुभवी र दक्ष जनशक्तिको कमी रहेको, कर्मचारी नियुक्ति तथा बढुवामा प्रदेश लोकसेवा आयोगको परामर्श नलिएको, सेवा प्रवाहमा अपेक्षित सुधार हुन नसकेको, स्रोत, साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, सञ्चालित योजना, कार्यक्रम, सेवा प्रवाहको अभिलेख नराखेको, बैंक हिसाब विवरण तयार गर्ने नगरेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको छ । साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ। स्थानीय तहमा लेखा समितिको गठन, कार्यक्षेत्र, लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फछर्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा हुन बाँकी रहेको पाइएको छ । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरु सुधार गरी गत विगतका बेरुजु उपर अपेक्षितरुपमा आवश्यक कारवाही भए गरेको समेत देखिएन ।

समय र जनशक्तिको सीमितताको बावजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको थियो । लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरुसँग छलफल समेत गरिएको थियो । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका ब्यहोराको कार्यान्वियनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, भौतिक पूर्वाधार र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरु र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरु सबैलाई धन्यवाद ज्ञापन गर्दछु ।

**(टंकमणि शर्मा, दंगाल)**

२०७८ भाद्र ४ गते

**महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
बबरमहल, काठमाडौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal
प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय
(लुम्बिनी प्रदेश, कर्णाली प्रदेश तथा सुदुरपश्चिम प्रदेश )


पत्र संख्याः२०७८/७९
च.नं. १८५ मितिः २०७८/५/४

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री अध्यक्षज्यू,
तातोपानी गाउँपालिका, जुम्ला।

**कैफियत सहितको राय**

हामीले तातोपानी गाउँपालिकाको आर्थिक वर्ष २०७६।७७ को बित्तीय विवरण र त्यससंग सम्बन्धित आय व्यय बिबरण तथा लेखा टिप्पणीहरुको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको २०७७ आषाढ मसान्तमा समाप्त भएको आर्थिक वर्ष २०७६।७७ को बित्तिय विवरण र त्यससंग सम्बन्धित अन्य बिबरणले स्थानीय तहसंग सम्बन्धित प्रचलित कानून बमोजिम सारभूत रुपमा सहि तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. लेखापरीक्षणबाट रु ४६ लाख ८५ हजार बेरुजू देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रु १० लाख ४ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु १३ लाख नियमित गर्नुपर्ने रु. ५ लाख ६५ हजार पेश्की बाँकी रु १८ लाख १६ हजार रहेको छ ।

२. लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्बन्धमा मिति २०७८।०२।०१ मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्रतिकृया सहितको प्रमाण कागजात पेश हुन नआएकोले बेरुजु फछर्यौट नभइ कायम व्यहोराको अन्तीम प्रतिवेदन पाना १५ (पन्ध्र) को यसैसाथ संलग्न छ ।

३. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकीन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसंग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तह संग हामी स्वतन्त्र छौं । त्यसका लागि स्वीकृत आचार संहिता अनुसार हामीले काम गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरु हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा बित्तिय उत्तरदायित्व ऐन २०७६ र स्थानिय सरकार सञ्चालन ऐन २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तिका कारण वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ । गाउँ कार्यपालिका, अध्यक्ष र प्रमुख प्रशासकिय अधिकृत गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार रहेका छन् ।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ति समेतका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको होस् भनि उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसंग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ति पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तिलाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

(नारायण एम.सि.)
नायब महालेखापरीक्षक

# श्री तातोपानी गाउँपालिका

## लेखापरीक्षण प्रतिवेदन

## २०७६/७७

**परिचय** : स्थानिय नेतृत्वको विकास गर्दै स्थानिय शासन पद्धतिलाई सुदृढ गरी स्थानिय तहमा विधायकि,कार्यकारीणि र न्यायिक अभ्यासलाई सस्थथागत गर्न र स्थानिय सरकारको संचालन गर्ने उदेश्यले यस गाउंपालिकाको स्थापना भएको हो । स्थानिय सरकार संचालन गर्ने हरेक कार्यमा सहकारीता,सह-अस्तित्व र समन्वयलाई प्रवर्धन गर्नु र स्थानिय सरकारको हरेक काममा जनसहभागिता,उतरदायित्व,पारदर्शिता सुनिश्चित गरी नागरीकहरुलाई लाभको वितरणमा सुलभ र गुणस्तरीय सेवा प्रदान गर्नु नै गाउंपालिका स्थापनाको उदेश्य हो । कर्णाली प्रदेशमा अवस्थित यस गाउंपालिका अन्तर्गत ८ वडा ४१ सभा सदस्य रहेका छन । कुल ५२६.६ ब.कि.मी क्षेत्रफल ओगटेको यस गाउंपालिकाको जनसंख्या १४६३८ जना रहेको छ ।

**स्थानीय संचित कोष** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम यस पालिकाले वित्तिय हस्तान्तरणबाट प्राप्त अनुदान तथा सहयता, आन्तरिक आम्दानी र स्थानीय सरकारबाट सञ्चालन भएको आयोजनाहरु समेतको आयव्यय हिसाबको आर्थिक वर्ष २०७६।७७ को समग्र संचित कोषको संक्षिप्त अवस्था निम्नबमोजिम रहेको छः

| सि न | आय तर्फ | | | सि न | व्यय तर्फ | | |
|---|---|---|---|---|---|---|---|
| | विवरण | | रकम रु | | विवरण | रकम | रकम रु |
| १ | **गत वर्षको जिम्मेवारी** | | | | **चालु खर्च** | | |
| | क वैक | ३७२३३४०३ | ४०४२१७७२ | १ | **क गा पा** | | १२९०७२५२० |
| | आन्तरिक आम्दानी | ३०१६००० | | | आर्थिक विकास | २२३२९९४ | |
| | धरौटि अ ल्या | १७२३६९ | | | सामाजिक विकास | ६५०५९६७२ | |
| | | | | | पुर्वाधार विकास | १०००००० | |
| २ | **वित्तिय समानिकरण** | | | | सुशासन | ४४००००० | |
| | क वित्तिय समानिकरण नेपाल सरकार | ९८८००००० | १०८८३१०००० | | कार्यालय सञ्चालन | ५६३७९८५४ | |
| | ख प्रदेश सरकार | १००३१००० | | | **ख सघिय सरकार चालु** | १२६८२८७५१ | १२६८२८७५१ |
| ३ | **राजश्व बाडफाट** | | ४८९८७०१० | | **ग प्रदेश चालु** | ३००००० | ३००००० |
| | सघिय सरकार | ४८९८७०१० | | २ | **मुख्य मन्त्रि कार्यक्रम** | ० | ५४३२००० |
| | प्रदेश सरकार | ० | | | क थलाले ग्रा स | ३९७८००० | |
| ४ | **विशेष अनुदान** | | | | ख दलित महिला आय आर्जन | ९५४००० | |
| | प्रदेश सरकार | ० | | | ग उर्जा कार्यक्रम | ५००००० | |
| | संघिय सरकार | ० | | ३ | **पर्वाधार विशेष कार्यक्रम** | ११०००००० | ११०००००० |
| ५ | **समपुरक अनुदान** | | | ४ | **राष्ट्रय परिचय पत्र तथा पञ्जिकरण** | १५०३१२९ | १५०३१२९ |
| | संघिय सरकार | ० | | ५ | **आइसोलेसन निर्माण कार्यक्रम** | ९२०००० | ९२०००० |
| | प्रदेश सरकार | ० | | ६ | **विविध** | २०००० | २०००० |
| ६ | **शसर्त अनुदान** | | | ७ | **राष्ट्रपति महिला उत्थान** | १०००० | १०००० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | **कार्यक्रम** | | |
| | क नेपाल सरकार | १५५६९३०००० | **१५९९९३०००** | ८ | **खाध्य सुरक्षाका लागी उत्पादन विशेष कार्यक्रम** | १७७७००० | **१७७७०००** |
| | ख प्रदेश सरकार | ४३००००० | | ९ | **पुजिगत खर्च** | ० | |
| ७ | जेष्ठ नागरिक सा सु | ५९५५४००० | **५९५५४०००** | १० | गा पा | ६२४७०८२७ | **६२४७०८२७** |
| ८ | वहुक्षेत्रिय पोषण | ६८४००० | **६८४०००** | ११ | सघिय सरकार | १०२६१२८६ | **१०२६१२८६** |
| १० | खाध्य सुरक्षाका लागी उत्पादन विशेष कार्यक्रम | १७७७००० | **१७७७०००** | १२ | प्रदेश सरकार | ४०००००० | ४०००००० |
| ११ | मुख्य मन्त्रि कार्यक्रम | ५४३२००० | **५४३२०००** | १३ | वैक मौज्दात | ७३६५४२९४ | **७३६५४२९४** |
| १२ | राष्ट्य परिचय पत्र तथा पञ्जिकरण | १५०३१२९ | **१५०३१२९** | १४ | धरौटि खर्च | २८०००० | **२८००००** |
| १३ | पर्वाधार विशेष कार्यक्रम | ११०००००० | **११००००००** | १५ | धरौटि वाकि | ७६८८५५ | **७६८८५५** |
| १४ | आइसोलेसन निर्माण कार्यक्रम | ९२०००० | **९२००००** | १६ | को ले नि का फिर्ता | १०८३४२४९ | **१०८३४२४९** |
| १५ | विविध | २०००० | **२००००** | | | ० | |
| १६ | राष्ट्रपति महिला उत्थान कार्यक्रम | १०००० | १०००० | | | | |
| | **जम्मा** | | ४३९१३२९११ | | **जम्मा** | | ४३९१३२९११ |

| दफा | भौचर, मिति र व्यहोरा | बेरुजु रकम |
|---|---|---|
| १. | **आन्तरिक नियन्त्रण प्रणालीः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले आफ्नो कार्यालयवाट सम्पादन गरिने कार्य मितव्ययी, प्रभावकारी, नियमितता र दक्षतापुर्ण ढंगवाट सम्पादन गर्न र वित्तीय प्रतिवेदन प्रणालीलाई विश्वसनिय वनाउन तथा प्रचलित कानून वमोजिम कार्य सम्पादन गर्न आ–आफ्नो कामको प्रकृती अनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयनमा ल्याउनुपर्ने व्यवस्था छ । कार्यालयवाट आन्तरिक नियन्त्रण प्रणाली तयार गरेको छैन कार्यालयको आन्तरिक नियन्त्रण प्रणालीको मूल्याङ्कन गर्दा देखिएका व्यहोराहरु निम्न छन् ।<br>• जिन्सी निरीक्षण गरी प्रतिवेदन तयार गरेकोमा उल्लेख भए बमोजिम पुराना सामान मर्मत सम्भार र लिलाम बिक्री गरेको छैन,<br>• मूल्य नखुलेका पुराना मालसामानको मुल्य खुलाई राखेको छैन, जिन्सी खाता हालको ढांचामा नराखेको ।<br>• ईन्धन खर्च नियन्त्रणको लागी सवारी साधनहरुको लगबूक तथा प्रयोजनको प्रमाण कागजात ब्यबस्थीत नभएको ।<br>• खरिद आवस्यकताको पहिचान गरी खरिद कार्य गर्नको लागी खरिद ईकाई गठन नभएको ।<br>• दैनिक भ्रमण भत्ता भुक्तानी गरेकोमा भ्रमण अभिलेख तथा भ्रमणको उद्धेश्य अनुसारका भ्रमण प्रतिवेदन दिने गरेको छैन ।<br>• दैनिक कार्यसम्पादन विवरण, कर्मचारी दस्तखत नमुना फाराम नराखेको,<br>• दैनिक भ्रमण भत्ता भुक्तानी गरेकोमा भ्रमण अभिलेख तथा भ्रमणको उद्धेश्य अनुसारका भ्रमण | |

| दफा | भौचर, मिति र व्यहोरा | बेरुजु रकम |
|---|---|---|
| | प्रतिवेदन दिने गरेको छैन | |
| २. | **खरिद योजनाः-** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८(१) मा सार्वजनिक निकायले वार्षिक दस लाख रुपैंयाँभन्दा बढी रकमको खरिद गर्नुपर्ने भएमा वार्षिक कार्यक्रम तथा बजेट तयार गर्दा आगामी आर्थिक वर्षमा गर्ने वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ ।कार्यालयले नियमानुसार वार्षिक खरिद योजना तयार गरेको देखिएन । | |
| ३. | **स्वीकृत लेखा ढाँचाः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शिर्षक सम्बन्धि व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखापरीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले महालेखापरीक्षकबाट २०७६।२।१९ मा स्वीकृत भएको नेपाल सार्वजनिक क्षेत्र लेखामानमा आधारित ढाँचामा प्रतिवेदन तयारी तथा लेखाङ्कन गरेको नपाईएएकोले गाउँपालिकाले आय तथा व्ययको लेखा महालेखापरीक्षकको कार्यालयबाट स्वीकृत लेखा ढाँचामा राख्नुपर्दछ । | |
| **३.१** | **जिम्मेवारी फरक परेको** – स्थानीय तहको सञ्चित कोषमा गत विगतको बाँकी, यस वर्ष प्राप्त र खर्च भएको रकम स्पष्ट देखिने गरी हिसाब राख्ने र जिम्मेवारी एकिन गर्नुपर्दछ । तर स्थानीय तहको लेखापरीक्षण प्रतिवेदनअनुसार गत वर्षको अन्त्यमा रु ३७२३३००० मौज्दात कायम भएकोमा यो बर्षको शुरुमा रु. ३७४०५३६९ जिम्मेवारी सारेको देखियो । जस अनुसार लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा रु. १७२३६९ बढी जिम्मेवारी सरेको सम्बन्धमा यकिन गर्नुपर्ने देखिएको रु......... | **१७२३६९** |
| ४. | **एकीकृत आर्थिक संकेतः** सरकारको आम्दानी, खर्च र सम्पत्ति तथा दायित्वलाई अन्तर्राष्ट्रिय मानदण्ड अनुरूप बनाउने उद्देश्यले महालेखापरीक्षकको कार्यालयबाट आर्थिक वर्ष २०७४।७५ देखि स्थानीय तहमा लागु हुने गरि एकीकृत आर्थिक संकेत, तथा वर्गीकरण र व्याख्या, २०७४ तयार गरि कार्यान्वयन गरिएकोमा गाउँपालिकाले सो बमोजिम लेखा राखेको पाईएन । अतः गाउँपालिकाले एकीकृत आर्थिक संकेत, तथा वर्गीकरण र व्याख्या, २०७४ बमोजिम राजश्व तथा खर्च संकेत अनुसार लेखा राख्नुपर्दछ । | |
| ५. | **मध्यकालीन खर्च संरचनाः** अन्तर—सरकारी वित्त व्यवस्थापन ऐन,२०७४ को दफा १७ मा स्थानीय तहले सार्वजनिक खर्चको विवरण तयार गर्दा आगामी तीन आर्थिक वर्षमा हुने खर्चको प्रक्षेपण सहित देहायको विवरण सहित मध्यकालीन खर्च संरचना तयार गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले उक्त बमोजिम खर्चको मध्यकालीन खर्चको संरचना तयार नगरेकोले सार्वजनिक खर्चको अनुमानित विवरण तयार गर्दा मध्यकालीन खर्च संरचना समेत तयार गर्नुपर्दछ ।<br>) प्रस्तावित योजनाको उद्देश्य,<br>(ख) प्रस्तावित योजनाको लागि सम्भाव्यता अधययन गर्न वा खर्च छुटयाउन आवश्यकताको पुष्टयाई,<br>(ग) प्रस्तावित योजना कार्यन्वयन हुन सक्ने आर्थिक वर्ष र त्यसपछिका दुई आर्थिक वर्षमा प्राप्त हुन सक्ने प्रतिफल र उपलब्धि,<br>(घ) प्रस्तावित योजना लागू गर्न आवश्यक पर्ने खर्चको विवरण,<br>(ङ) खर्च व्यहोर्ने स्रोत र खर्च गरिएको रकमबाट प्राप्त हुन सक्ने प्रतिफल र उपलब्धिको प्रक्षेपण,<br>(च) प्रस्तावित योजनाको मध्यम अवधिको खर्चको रणनीति र त्यसको वार्षिक  खर्चसँगको तादाम्यता,<br>(छ) सञ्चालित योजना भए गत आर्थिक वर्षमा छुट्याइएको खर्च अनुसार लक्ष्य हासिल भए नभएको यथार्थ विवरण । | |
| ६. | **वार्षिक प्रतिबेदनः-** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व सम्बन्धि नियमावली, २०७७ को नियम ३५ बमोजिम प्रत्येक कार्यालयले आर्थिक वर्ष समाप्त भएको ३ महिना भित्र वार्षिक प्रतिबेदन तयार गरी मन्त्रालय, विभाग, कोष तथा लेखा नियन्त्रक कार्यालयमा पठाउनु पर्ने व्यवस्था रहेकोमा वार्षिक प्रतिबेदन | |

| दफा | भौचर, मिति र व्यहोरा | बेरुजु रकम |
|---|---|---|
| | तयार गरेको छैन । नियमको पालना गरी वार्षिक प्रतिबेदन तयार गर्नुपर्दछ । | |
| ७. | **चौमासिक विवरणः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६(५) मा स्थानीय तहले स्थानीय सञ्चित कोषमा भएको आय व्ययको चौमासिक शिर्षकगत विवरण तयार गरी संघीय अर्थ मन्त्रालय, प्रदेश अर्थ मन्त्रालय, तथा राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगमा पठाउनुपर्ने व्यवस्था छ । कार्यालये चौमासिक विवरण तोकिएको निकायमा पठाएको देखिएन । अतः कानुनको परिपालना हुनुपर्दछ । | |
| ८. | **अवकाश कोषः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ मा स्थानीय तहका कर्मचारीले निजको सेवा शर्त सम्बन्धि कानून बमोजिम अवकाश हुँदा प्राप्त गर्ने योगदानमा आधारित उपदान वा निवृत्तभरण, औषधि उपचार लगायतका सुविधा उपलब्ध गराउनका लागि प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट दश प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्ने गरी एक अवकाश कोष स्थापना गर्नूपर्ने व्यवस्था छ । स्थानीय सेवाका कर्मचारी अवकाश हुँदा कानून बमोजिम पाउने योगदानमा आधारित उपदान वा निवृत्तभरण, औषधि उपचार लगायतका सबै सुविधा उपलब्ध गराउन एक अवकाश कोष स्थापना गर्नुपर्दछ । | |
| ९. | **कन्टिन्जेन्सी खर्चको अभिलेखः** सार्वजनिक खरिदमा कन्टिन्जेन्सी रकम खर्चलाई व्यवस्थित गर्ने निर्देशिका, २०७४ बमोजिम कन्टिन्जेन्सी खर्च जनाउँदा सम्बन्धित ठेक्काको नापी किताबमा खर्च प्रविष्ट गर्नुपर्ने र ठेक्कागत खर्चको अभिलेख राख्ने व्यवस्था गरे तपानि कार्यालयले सो अनुरूप अभिलेख राखेको पाईएन । स्वीकृत निर्देशिकाको पालना गर्नुपर्दछ । | |
| १०. | **आन्तरिक लेखापरीक्षणः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७७(२) मा स्थानीय तहले कानून बमोजिम आफ्नो आय र व्ययको आन्तरिक लेखापरीक्षण गराउनु पर्ने तथा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३४ मा स्थानीय तहले लेखा तथा आर्थिक कारोवारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताका आधारमा आन्तरिक लेखापरीक्षण गराउनुपर्ने व्यवस्था छ ।कार्यालयले आर्थिक वर्ष २०७६/७७ को आन्तरिक लेखापरीक्षण गराएको देखिएन ।अतः नियमानुसार कार्यालयले आन्तरिक लेखापरीक्षण गराउनु पर्दछ । | |
| ११. | **लेखापरीक्षण समितिः-** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३४(३) मा स्थानीय तहले लेखापरीक्षणको प्रतिवेदनमा उल्लेख भए बमोजिम सुधार भए/नभएको परीक्षण गर्न तथा आवश्यक कारबाही गर्न लेखापरीक्षण समिति गठन गर्नु पर्ने व्यवस्था छ । कार्यालयले उक्त समिति समेत गठन नगरेकोले तोकिए बमोजिम समिति गठन गरी गत विगतका लेखापरीक्षण प्रतिवेदनमाथि कारवाही गरि आर्थिक अनुशासनमा सुधार गर्नुपर्ने देखिन्छ । | |
| १२. | **विवरण सार्वजनिकः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६(३) मा प्रमुख प्रशासकीय अधिकृतले गाउँपालिकाको कोषबाट खर्च भएको रकमको चौमासिक प्रगति त्यस्तो अवधि समाप्त भएको पन्ध्र दिनभित्र कार्यपालिकाको बैठकमा पेश गर्नुपर्ने तथा दफा ७६(४) मा आफ्नो आय र व्ययको विवरण प्रत्येक महिनाको सात गतेभित्र सार्वजनिक गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले खर्चको प्रगति विवरण तथा आय-व्ययको विवरण सार्वजनिक गरेको देखिएन । अतः कानुन बमोजिम प्रगति विवरण कार्यपालिकामा पेश गर्ने तथा आय-व्ययको विवरण सार्वजनिक गर्नुपर्दछ । | |
| १३. | **योजना छनौटः** स्थानीय तहको वार्षिक योजना तथा वजेट तर्जुमा दिग्दर्शन, २०७४(परिमार्जित) को बुंदा नं. ३ मा गाउँपालिकाले वार्षिक योजना तथा बजेट तर्जुमा गर्दा निम्न बिषयलाई प्राथमिकता दिनु पर्ने उल्लेख छ ।<br>(क) आर्थिक विकास तथा गरिबी निवारणमा प्रत्यक्ष योगदान पुर्याउने,<br>(ख) उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने,<br>(ग) जनताको जीवनस्तर, आम्दानी र रोजगारी बढ्ने,<br>(घ) स्थानीय सहभागिता जुट्ने, स्वमंसेवा परिचालन गर्न सकिने तथा लागत कम लाग्ने,<br>(ङ) स्थानीय स्रोत साधन र सीपको अधिकतम प्रयोग हुने, | |

| दफा | भौचर, मिति र व्यहोरा | बेरुजु रकम |
| --- | --- | --- |
| | (च) महिला, बालबालिका तथा पिछडिएका क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने,<br>(छ) लैंगिक समानता र सामाजिक समावेशीकरण अभिबृद्धी हुने,<br>) दीगो विकास, वातावरणीय संरक्षण तथा सम्वद्र्धन गर्न सघाउ पुर्याउने, आदी ।<br>गाउँपालिकाले विभिन्न टुक्रे योजनाहरुको सञ्चालन गरेको देखिन्छ, गाउँपालिकाद्धारा ५ लाखभन्दा कमका ५५ भन्दा बढी योजनाहरु सञ्चालन गरेको छन् । यस्तो प्रकृतिका योजनाहरुको लागि आर्थिक, मानवीय साधनहरुको लागतको तुलनामा प्राप्त प्रतिफल न्यून हुने तथा दीगो विकासमा समेत टेवा नपुग्ने देखिन्छ । अतः कार्यालयले उपलब्ध स्रोत साधनहरुलाई मितव्ययी तरिकाले परिचालन गरी प्रभावकारी रुपले उच्चत्तम प्रतिफल प्राप्त गर्ने तथा वार्षिक योजना तथा बजेट तर्जुमा गर्दा उल्लेखित निर्देशिकाको कार्यान्वयनमा ध्यान दिनुपर्दछ । | |
| १४. | **सम्पत्तिको संरक्षणः**-स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ९७ मा स्थानीय तह तथा दफा ९८ मा जिल्ला सभाले आफ्नो क्षेत्र भित्रको सम्पत्तिको रेखदेख, मर्मत सम्भार गर्नुपर्ने व्यवस्था छ । यस गाउँपालिका अन्तर्गतका वडाको स्वामित्वमा रहेको भवन, जग्गा, सवारी साधन, फर्निचर, विद्युतीय सामान लगायतका सम्पत्तिको मूल्यांकन समेत देखिने गरी अभिलेख अद्यावधिक गरेको छैन । कूल मूल्य खुल्नेगरी स्वामित्वमा रहेका सम्पत्तिको अद्यावधिक अभिलेख तयार गरी सम्पत्ति लेखांकनलाई सुदृढ गर्नुपर्ने देखिएको छ । | |
| १५. | **नक्सा पासः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २७ मा कसैले पनि गाउँपालिका वा नगरपालिकाबाट नक्सा पास नगराई भवन निर्माण गर्न नहुने, दफा २८ मा गाउँपालिका वा गाउँपालिका क्षेत्रमा भवन निर्माण गर्न चाहने व्यक्ति वा सरकारी कार्यालयले भवन निर्माण गर्ने अनुमतिको लागि भवनको नक्सा सहितको तोकिएको ढाँचामा गाउँपालिका वा नगरपालिका समक्ष दरखास्त दिनुपर्ने, दफा ३१ मा गाउँपालिका वा नगरपालिकाले सो दरखास्त उपर जाँचवुझ गर्ने तथा दफा ३३ तथा ३४ बमोजिम भवनको नक्सा सहित भवन निमार्ण गर्न अनुमति दिनुपर्ने उल्लेख भएकोमा यस गाउँपालिका वा नगरपालिकाको क्षेत्रमा भवन निर्माण गर्ने कुनै पनि व्यक्ति वा सरकारी कार्यालयलाई भवन निर्माणको अनुमति दिने गरेको देखिएन । यसवाट व्यवस्थित भवन निर्माणमा असर परेको छ भने गाउँपालिकाको आयस्रोतमा पनि प्रभाव पारेकोले नक्सा पास गर्ने व्यवस्था अवलम्वन गर्नुपर्ने देखिन्छ । | |
| १६. | **श्रोत अनुमान तथा वजेट सिमाः** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६६ बमोजिम गाउँपालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडवाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र वजेट सिमा निर्धारण गर्न ४ सदस्यीय समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, सन्तुलित वितरणमा वजेट सिमा निर्धारण, वजेट तथा कार्यक्रमको प्राथमिकिकरण, वजेट तर्जुमा मार्गदर्शन गर्नुपर्ने र कार्यपालिकामा पेश गर्ने कानुनी व्यवस्था रहेकोमा विषयगत क्षेत्र तथा पूर्वाधार क्षेत्रमा रकम विनियोजन गरी योजना छनौट तथा सोको प्राथमिकीकरण गरी आंशिक रुपमा कार्यान्वयनमा ल्याएता पनि ठुला पूर्वाधार क्षेत्रलाई वजेटको प्राथमिकतामा राखेको देखिएन । साना, ठुला, मझौला पूर्वाधार क्षेत्रको विकासमा वजेट व्यवस्थापन गरी आगामी दिनमा कार्यान्वयनमा ल्याउन ध्यान दिनुपर्ने देखिन्छ । गाउँको प्राथमिक आयोजना कून कून हुन प्रक्षेपण गरी वजेट तथा श्रोतको प्राथमिकता तयार गरी योजना कार्यान्वयनमा ल्याउन आवश्यक छ । | |
| १७. | **जिन्सी निरीक्षण प्रतिबेदनः-** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ बमोजिम तयार गरिएको जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेखित लिलाम बिक्री गर्नुपर्ने जिन्सी मालसामान नियम १०६ बमोजिम एक महिनाभित्र प्रक्रिया शुरु गर्नुपर्ने तथा नियम ९९(४) बमोजिम मर्मत सम्भार गर्नुपर्ने मालसामानको हकमा तिन महिनाभित्र मर्मत सम्भार गरिसक्नु पर्ने व्यवस्था छ ।कार्यालयबाट प्राप्त जिन्सी निरीक्षण प्रतिवेदन बमोजिम लिलाम बिक्री तथा मर्मत सम्भार गर्नुपर्ने कार्य | |

| दफा | भौचर, मिति र व्यहोरा | बेरुजु रकम |
|---|---|---|
| | नगरेकोले नियमानुसार गर्नुपर्ने देखिन्छ । | |
| १८. | **सम्पत्ति हस्तान्तरणः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७, ९८ र १०४ अनुसार विषयगत कार्यालयको चल—अचल सम्पत्ति, दायित्वको अभिलेख गरी, गाउँपालिकामा स्वतः हस्तान्तरण हुने व्यवस्था छ । यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगतखाता २०७५ असार मसान्त भित्र स्थानीय तहले तयार गरी प्रतिबेदन तयार गर्नुपर्ने व्यवस्था गरेकोमा कार्यपालिकाले वडागतसमेत सम्पत्तिको अभिलेख तथा जिन्सी लगत तयार नगरेको, कम्प्युटर, ल्यापटप, प्रिन्टर, मोबाईल फोन सेट र अन्य फर्निचर जस्ता मूल्यवान सामानहरु गाउँपालिकाको मूल जिन्सी खातामा जिम्मेवारी सारेको पाईएन । यसरी जिन्सी मालसामानको आम्दानी नजनाउँदा जिन्सी मालसामानहरु हराउन, हिनामिना हुन सक्ने हुँदा खरिद गरिएका मालसामानहरुको प्रकृति अनुसार सम्बन्धित जिन्सी खातामा आम्दानी जनाई जिन्सी खाता अद्याबधिक गर्नुपर्दछ । वडा, स्वास्थ्य, शिक्षा, सेवा केन्द्र, कार्यपालिका लगायतको सम्पत्तिलाई एकिकृत गरिनुपर्दछ । | |
| १९. | **सुत्रको प्रयोगः** गाउँपालिकाहरुलाई Sub National Tresury Regulatory Application (SUTRA) प्रयोग गरी लेखा राख्ने निर्देशन भए अनुसार यस आर्थिक वर्षमा लागु गरेको भएतापनि विषयगत मन्त्रालयबाट प्राप्त बजेट सुत्रमा प्रविष्ट नगरेको, गत वर्षको मौज्दात रकम अ.ल्या. नभिडेको, स्रोतगत अनुमान बजेट सुत्रमा प्रविष्ट गरेकोमा अन्तिम बजेट सोही मानेको हुँदा मौज्दात रकम घटी/बढि देखिएको र कार्यालयले सुत्रबाट गोश्वारा भौचर मात्र उतार गरी अन्य विवरण प्रविष्ट नगरेको कारणले म.ले.प.फा.नं.२७५ र २७२ भिडान नभएको अवस्था छ । डाटा प्रविष्ट गरी वार्षिक प्राप्ती तथा भुक्तानीको हिसाव मिलान गर्नुपर्दछ । | |
| २०. | **डोर हाजिरी फाराम नियन्त्रण खाताः** कार्यालयले डोर हाजिरी फाराम नियन्त्रण खाता म.ले.प.फा.नं.१७५ राख्ने गरेको छैन भने डोर हाजिरी फाराममा सिलसिलेवार नम्बर कायम गरी राखेको समेत छैन । यसले गर्दा आयोजनामा के कति डोर हाजिरी फारामहरु को,कसको नाममा र कुन कामको लागि कहिले जारी भए तथा डोर हाजिरी फारम जारी गर्नुको उद्देश्य अनुसार काम भए नभएको यथार्थ मूल्याकन गर्ने अबस्था रहेन । डोर हाजिरी नियन्त्रण खाता राखी मागफारामको आधारमा नम्बरवाइज जारी गरी तोकिए अनुसार काम भए नभएको अनुगमन मूल्याकन गर्ने व्यबस्था हुनु आवश्यक देखिन्छ । | |
| २१. | **सामाजिक परीक्षणः-** पालिकाले सार्वजनिक परीक्षण अन्तर्गत योजना संचालन, कार्यान्वयन र कार्यप्रक्रियामा पारदर्शिता र जवाफदेहिताको वृद्धि गर्न सार्वजनिक परीक्षण सम्बन्धि उपभोक्ता समिति परिचालन निर्देशिका बनाई कार्यान्वयनमा ल्याउनुपर्नेमा ल्याएको देखिएन । सार्वजनिक परीक्षण सम्बन्धि ढाँचा तोकी कार्यान्वयनमा नल्याएकोले योजनामा सार्वजनिक परीक्षण हुन सकेको पाइएन । पालिकाले केही ठूला योजनाहरू छनौट गरी सामाजिक परीक्षणको व्यवस्था समेत कार्यान्वयन गरेको देखिएन । पालिकाबाट संचालित सबै पुँजीगत एवं चालु योजनामा निर्देशिका बनाई तोकेको ढाँचा अनुरुप सार्वजनिक परीक्षण गराउने कार्य गर्नुपर्ने देखिन्छ । | |
| | **गाउँपालिका पूँजीगतः** | |
| २२. | **खर्चको पुष्ट्याईः-**३१-०७६/११/०८, आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) बमोजिम खर्च लेख्नु अघि त्यस्तो खर्च पुष्टि गर्ने बिल, भरपाई संलग्न गरी रीत पुगे वा नपुगेको जाँच गरी भुक्तानी दिनुपर्ने व्यवस्था छ ।कार्यालयको बैंक नगदी किताबबाट नमूना छनौट गरी हेर्दा रु.१०००००.०० खर्चको पुष्ट्याई गर्ने कागजात, बिल भरपाई पेश नभएकोले खर्चको कागजात पेश हुनुपर्ने देखिएको रु..................... | १०००००.०० |
| २३. | **अग्रिम आयकरः-** आयकर ऐन, २०५८ को दफा ८८(१) मा बासिन्दा व्यक्तिले नेपालमा श्रोत भएको वस्तु आपूर्ति तथा सेवा शुल्कको रकम भुक्तानी गर्दा कूल भुक्तानी रकममा तोकिए बमोजिम अग्रिम आयकर कर कट्टी गर्नुपर्ने व्यवस्था छ । कार्यालयका वरिष्ठ पशु विकास अधिकृत श्री विष्णु बहादुर | ९४३६.०० |

| दफा | भौचर, मिति र व्यहोरा | बेरुजु रकम |
|---|---|---|
| | रावलले पेश्की रु ४७३०००.०० फस्यौंट गर्दा देहाय बमोजिमको भुक्तानीमा अग्रिम आयकर कट्टा नगरी भुक्तानी दिएकोले अशुल गरी संघीय सञ्चित कोषमा दाखिला हुनुपर्ने देखिएको रु............. | |

| विवरण | भुक्तानी रकम | अग्रिम कर |
|---|---|---|
| बिग ईन्फोसिस | ४०१०६३ | ६०१६.०० |
| जनप्रतिनिधीहरुलाई अनुगमन मूल्याङ्कन भत्ता | २२८००.०० | ३४२०.०० |
| **जम्मा** | | **९४३६.००** |

| दफा | भौचर, मिति र व्यहोरा | बेरुजु रकम |
|---|---|---|
| २४. | **उपभोक्ता समिति मार्फत खरिदः-** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा सम्बन्धित स्थानको बासिन्दा वा लाभग्राहीहरुले उपभोग गर्ने निर्माण कार्य बाहेकको कार्य गर्न नहुने व्यवस्था छ । कार्यालयले सार्वजनिक खरिद ऐन नियमावलीको अधिनमा रही खरिद कार्य गर्नुपर्नेमा डागिवाडा लिफ्ट सिंचाई आयोजनाका उपभोक्ता समिति मार्फत रु.२३३९६७९.०० रकमको सोलार प्यानल खरिद गराएको देखिएकोले नियमसम्मत नदेखिएकोले यस्ता प्रकृतिका कार्यमा नियन्त्रण गर्नुपर्दछ । | |
| २५. | **ढुवानी खर्चः**आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) बमोजिम खर्च लेख्नु अघि त्यस्तो खर्च पुष्टि गर्ने बिल, भरपाई संलग्न गरी रीत पुगे वा नपुगेको जाँच गरी भुक्तानी दिनुपर्ने व्यवस्था छ ।कार्यालयले सुर्योदय आ.वि. भवन निर्माण कार्यका लागी सामाग्री ढुवानी वापत रु.१५०००.०० ढुवानीको पुष्ट्याई गर्ने बिलभरपाई वेगर भुक्तानी गरेको देखिएकोले अशुल हुनुपर्ने देखिएको रु................. | १५०००.०० |
| २६. | **स्वीकृत दरभन्दा बढी भुक्तानीः१८५-०७७/०३/२८,** कार्यालयले स्वीकृत दररेट बमोजिम लागत अनुमान तयार गरी भुक्तानी गर्नुपर्दछ । कार्यालयले देहायका योजनाहरु निर्माणमा तोकिएको स्वीकृत दररेटभन्दा बढी दररेट राखी रु.४८६२.०० बढी भुक्तानी गरेकोले असुल हुनुपर्ने देखिएको रु....... | ४८६२.०० |

| योजनाको नाम | स्वीकृत दररेट | भुक्तानी दररेट | बढी दररेट | परिमाण | बढी रकम |
|---|---|---|---|---|---|
| थारमारे दिलौरी कृषि सडक निर्माणः- Concrete work PCC1:2:4 | १७०३९.६० | १७६८९.२० | ६४९.६० | ५.६० | ३६३८.०० |
| कर्णाली राजमार्ग-गोप्थडा सडकः- Site Clearence | २९.०० | ३०.३६ | १.३६ | ९०० | १२२४.०० |
| | **जम्मा** | | | | **४८६२.००** |

| दफा | भौचर, मिति र व्यहोरा | बेरुजु रकम |
|---|---|---|
| २७. | **रकमान्तरः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७९ तथा आर्थिक कार्यविधि ऐन, २०७६ को दफा २०(२) मा पूँजीगत खर्चको लागि विनियोजित रकम चालु खर्चमा रकमान्तर गर्न नपाईने व्यवस्था छ । कार्यालयले पूँजीगत शिर्षकबाट विपद् व्यवस्थापन कोषमा रु.५०,००,०००.०० रकमान्तर गरेको देखियो ।अतः चालु प्रकृतिको खर्चको लागि पूँजीगत खर्च शिर्षकबाट रकमान्तर गरेकोले यस्तो प्रवृतिमा नियन्त्रण हुनुपर्दछ । | |
| २८. | **पेश्कीः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५० मा चालु आर्थिक वर्षको मसान्तसम्म पेश्की फस्यौंट गरी सक्नुपर्ने व्यवस्था छ । कार्यालयले चालु आर्थिक वर्षको मसान्तसम्म म्याद ननाघेको पेश्की फस्यौंट गर्न बाँकी देखिएको रु................ | १०११४४०.०० |

| पेश्कीको बिवरण | पेशी लिने व्यक्ति फर्म वा कम्पनी | चालु आ.ब म्याद ननाघेको |
|---|---|---|
| सान्निपातल चौकिदार भवन निर्माण | सान्निपातल वन चौकिदार भवन निर्माणउ.स | ९५००० |
| तलिबाटा देखि मुलबाटासम्म गोरेटो बाटो गौतम बाडा | तलिबाटा देखि मुलबाटासम्म गोरेटो बाटो निर्माण उ.स | ६३००० |
| चाइकुला सार्क ग्रामिण सडक | : | ३८०००० |
| कायारकोट ताम्ती ग्रमिल सडक | कायारकोट ताम्ती ग्रमिल सडक उ.स. | २५३४४० |

| दफा | भौचर, मिति र व्यहोरा | बेरुजु रकम |
|---|---|---|
| | | |

| | | |
|---|---|---|
| कालिका आ.वि लिताकोट घेरबार | कालिका आ.वि भवन ढलान तथा फिल्ड निर्माण उ.स | २२०००० |
| | **जम्मा** | १०११४४०.०० |

| दफा | भौचर, मिति र व्यहोरा | बेरुजु रकम |
|---|---|---|
| | **प्रधानमन्त्री रोजगार कार्यक्रमः** | |
| २९. | **दोहोरो खर्चः-** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४१(ख) मा सरकारी रकम खर्च गर्दा आर्थिक कारोवार प्रचलित कानुन बमोजिम भए/नभएको सम्बन्धमा सुनिश्चित भई खर्च गर्नुपर्ने व्यवस्था छ । कार्यालयले प्रधानमन्त्रि रोजगार कार्यक्रम अन्तर्गत सञ्चालित योजनाहरुको लागत अनुमान तयार गर्दा ३ प्रतिशत टुल्स तथा ईक्युपमेन्ट वापतको रकम समावेश गरेकोमा कार्यक्रम निर्देशिका अनुसार थप ३ प्रतिशतले हुने रकम रु.२९८८७२.०० थप व्ययभार पारी जम्मा खर्च रु.९९६२४१४.०० लेख्नुपर्नेमा रु.१०२६१२८६.०० खर्च लेखेको पाईएकोले उपभोक्ता समितिलाई बढी भुक्तानी गरेकोको रु.२९८८७२.०० अशुल हुनुपर्ने देखिएको रु..... | २९८८७२.०० |
| ३०. | **बढी भुक्तानीः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा सार्वजनिक निकायले प्राविधिक नाप जाँच बमोजिम वास्तविक कार्यसम्पन्न प्रतिवेदनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था छ । कार्यालयले नियापानी पदमार्ग निर्माणको लागी कार्यसम्पन्न प्रतिबेदन तथा उपभोक्ताको बिल अनुसार रु.२८२९४३.०० को काम भएको देखिएकोमा उपभोक्ता समितिलाई रु.२८६०००.०० भुक्तानी गरेकोले बढि रकम रु.३०५७.०० भुक्तानी गरेकोले असुल हुनुपर्ने देखिएको रु...... | ३०५७.०० |
| | **गाउँपालिका चालु तर्फ** | |
| ३१. | **कर्मचारीको चाडपर्व खर्चः-**३८१/०७७/१/३० र ४०२/२०७७/२/६ निजामति सेवा नियमावली, २०५० मा कर्मचारीले आफ्नो रीति र परम्परा अनुसार मुख्य पर्व यो हो भनि निबेदन दिएमा सोही वर्षको सोही पर्वलाई चाडपर्व मानी पर्व खर्च भुक्तानी गर्ने व्यवस्था छ । कार्यालयले यो वर्ष नियुक्ती पाएका देहायका कर्मचारीहरुलाई निजहरुको निबेदन अनुसार चैत दशै मुख्य पर्व हो भनि दावि अनुसार चाडपर्व खर्च भुक्तानी गरी पुनः सात महिनापछि ०७७ असोजमा पनि भुक्तानी गरेको देखिएकोले नपाउने चाडपर्व खर्च भुक्तानी गरेकोले असुल गरी दाखिला गर्नुपर्ने रु...... | १८३१९०.०० |

| कर्मचारीको नामथर र पद | पर्व खर्च |
|---|---|
| अधिकृत छैटौ श्री डिल्ली बुढा | ३५९९०.०० |
| अधिकृत छैटौ श्री ओम बहादुर चन्द | ३५९९०.०० |
| सहायक पांचौ श्री शिवराज न्यौपाने | २८२००.०० |
| सहायक पांचौ श्री केशव पाण्डे | २८२००.०० |
| सहायक पाँचो श्री अंगत सेजुवाल | २८२००.०० |
| सहायक चौथो श्री चक्रलामा | २६६१०.०० |
| **जम्मा** | **१८३१९०.००** |

| दफा | भौचर, मिति र व्यहोरा | बेरुजु रकम |
|---|---|---|
| ३२. | **अग्रिम करः- ४९०/२०७७/३/१८** आयकर ऐन, २०५८ को दफा ८७ मा पारिश्रमिक कर लाग्ने आयमा रकम भुक्तानी गर्दा तोकिए बमोजिम अग्रिम आयकर कट्टा गरी भुक्तानी दिनु पर्ने व्यवस्था छ । कार्यालयले देहायका कर्मचारीहरुलाई फिल्ड भत्ता भनि भुक्तानी गरेकोमा अन्य भुक्तानी मा लाग्ने १५% कर कट्टा नगरेकोले असुल गरी दाखिला गर्नुपर्ने रु .. | ४५९००.०० |

| पद र नाम | भुक्तानी रकम | १५% कर रकम |
|---|---|---|
| ईन्जिनियर श्री डिल्ली बुढा | ४२५००.०० | ६३७५.०० |

| दफा | भौचर, मिति र व्यहोरा | बेरुजु रकम |
|---|---|---|
| | | |

| | | |
|---|---|---|
| सव ईन्जिनियर श्री तिर्थ राज डागी | १०२०००.०० | १५३००.०० |
| सव ईन्जिनियर श्री धन प्रसाद चौलागाई | ५९५००.०० | ८९२५.०० |
| खा.पा.स.टे श्री तिलचन्द्र उपाध्याय | १०२०००.०० | १५३००.०० |
| **जम्मा** | **३०६०००.००** | **४५९००.००** |

| दफा | भौचर, मिति र व्यहोरा | बेरुजु रकम |
|---|---|---|
| ३३. | **अग्रिम करः-** आयकर ऐन, २०५८ को दफा ८७ मा पारिश्रमिक कर लाग्ने आयमा रकम भुक्तानी गर्दा तोकिए बमोजिम अग्रिम आयकर कट्टा गरी भुक्तानी दिनु पर्ने व्यवस्था छ । कार्यालयले देहायका कर्मचारीहरुलाई फिल्ड भत्ता भनि भुक्तानी गरेकोमा अन्य भुक्तानी मा लाग्ने १५% कर कट्टा नगरेकोले असुल गरी दाखिला गर्नुपर्ने रु .. | १९६९५.०० |

| भौ नं र मिति | विवरण | भुक्तानी रकम | कर रकम |
|---|---|---|---|
| ५८३/०७७/३/३० | उपाध्यक्ष श्री गंगादेवी उपाध्याय समेत जना १५ लाई अनुगमन भत्ता भुक्तानी | ११४२००/- | १७१३०.०० |
| ११०/०७७/३/१५ | स्वास्थ्य संयोजक श्री कमल सिंह कठायतको पेश्की फस्यौंट रु १६००००/- गरेकोमा कट्टी कर रु २५६५ दाखिला नगरेको | १६००००.०० | २५६५.०० |
| | **जम्मा** | | **१९६९५.००** |

| दफा | भौचर, मिति र व्यहोरा | बेरुजु रकम |
|---|---|---|
| ३४. | **अग्रिम आयकर** (गो.भौ.नं.१९२/०७७/३/२९) आयकर ऐन, २०५८ को दफा ८८ मा कर लाग्ने आयमा रकम भुक्तानी गर्दा तोकिए बमोजिम अग्रिम आयकर कट्टा गरी भुक्तानी दिनु पर्ने व्यवस्था छ । कार्यालयले जन जाग्रित आधारभूत विद्यालय जुम्लालाई विद्यालय पुर्वाधार निर्माण कार्यको फाईनल विल रु.१६०००००.०० को भुक्तानी गर्दा पेश भएका भ्याट विल रु.६३०७४९.०० (भ्याट समेत) को नियमानुसार १.५ प्रतिशतले हुने अग्रीम कर रु.८३७३.०० असुल गरी दाखिला गर्नुपर्ने देखिएको रु. | ८३७३.०० |
| ३५. | **पारिश्रमिक करः-** आयकर ऐन, २०५८ को दफा ८७ मा पारिश्रमिक कर लाग्ने आयमा रकम भुक्तानी गर्दा तोकिए बमोजिम अग्रिम आयकर कट्टा गरी भुक्तानी दिनु पर्ने व्यवस्था छ । कार्यालयले देहायका कर्मचारीहरुको पारिश्रमिक आयमा लाग्ने कर कट्टा नगरेको देखिएकोले असुल गरी राजस्व दाखिला गर्नुपर्ने रु .. | १४१८६७.०० |

| कर्मचारीको नाम | वार्षिक आय रकम | छुट रकम | कर योग्य रकम | लाग्ने कर रकम |
|---|---|---|---|---|
| अधिकृत छैटौ श्री अंगराज डागी | ६८९९५८.०० | ५९५९७६.०० | ९३७८२.०० | ९३७८.०० |
| अधिकृत सातौ श्री मिलन बुढथापा | ७७०३१५.०० | ६०९५७४.०० | १६०७४१.०० | २२१४८.०० |
| बि.नी श्री छाँयादत्त चौलागाई | ८०६१५६.०० | ६८७६३२.०० | ११८५२४.०० | १३७०४.०० |
| अधिकृत छैटौ श्री विष्णु रावल | ७७२७७०.०० | ६५७७३४.०० | ११५०३६ | १३००७.०० |
| स्वा.सं श्री गुरु | ७७०३२४.०० | ६५८८५६.०० | १११४६८.०० | ११०३३.०० |

| दफा | भौचर, मिति र व्यहोरा | बेरुजु रकम |
|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| प्र.चौलागाई | | | | |
| श्री नेत्रराज गिरी | ७४०९७८.०० | ७२४६१६.०० | १६३६२.०० | ८१८.०० |
| सू.प्र.अ श्री ऋषिकेश उपाध्याय | ६४११७८.०० | ५०००००.०० | १४११७८.०० | १८२३५.०० |
| अधिकृत छैटौ श्री मणिकृष्ण उपाध्याय | ७०६८९८.०० | ५९८८५६.०० | १०८०४२.०० | ९८६८.०० |
| अधिकृत छैटौ श्री रामबहादुर भण्डारी | ७०६८९८.०० | ६४०८५६.०० | ६६०४२.०० | ४२०४.०० |
| अधिकृत छैटौ श्री निर्मला महत | ७०६८९८.०० | ५९८८५६.०० | १०८०४२.०० | ९९७६.०० |
| अधिकृत छैटौ श्री पुर्णीमा रावल | ७०६८९८.०० | ५९८८५६.०० | १०८०४२.०० | ९८८०.०० |
| अधिकृत छैटौ श्री शिवराज न्यौपाने | ७०६८९८.०० | ५९८८५६.०० | १०८०४२.०० | ९६७६.०० |
| सि.अ.हे व श्री | ७०६८९८.०० | ५९८८५६.०० | १०८०४२.०० | ९९४०.०० |
| **जम्मा** | | | | **१४१८६७.००** |

| | | |
|---|---|---|
| ३६. | **पेश्की बाँकी:-** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व सम्बन्धि नियमावली, २०७७ को नियम ५० बमोजिम २०७७ आषाढ मसान्त भित्र फस्यौंट हुने गरी देहायका कर्मचारीहरुलाई उपलब्ध गराएको पेश्की रकम लेखापरीक्षण अवधि सम्म पनि फस्यौंट नभई बाँकी देखिएको रु .. | ८०४०००.०० |

| कर्मचारीको पद र नाम थर | पेश्की रकम |
|---|---|
| हेल्थ असिष्टे श्री कमल सिंह कठायत | १०००००.०० |
| सहायक श्री विष्णु प्रसाद देवकोटा | १०००००.०० |
| सहायक श्री सुरत बहादुर शाही | ६०००००.०० |
| सहायक श्री नवराज चौलागाई | ४०००.०० |
| **जम्मा** | **८०४०००.००** |

| | | |
|---|---|---|
| ३७. | **आन्तरिक आम्दानी:-** गाउँपालीकाले यो आर्थिक वर्ष २०७६/०७७ का लागी अनुमानित जम्मा वजेट तयारी गर्दा आन्तरिक श्रोत तर्फ कर तथा राजस्ववाट आयको अनुमान लक्ष्य तयार गरेकोमा अनुमानको तुलनामा आम्दानी कम भएको पाइयो । उठन नसक्ने क्षेत्रमा राजश्व वढी प्रक्षेपण गर्ने कार्यवाट गाउँपालिकाले सर्भेक्षण नगरी हचुवामा निर्णय गर्ने गरेको छ । आम्दानीका स्रोत पहिचान गरी राजश्व अनुमान गर्नुपर्दछ । | |
| ३७.१. | **राजस्व अभिलेख तथा असुली र दाखिला —** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ मा राजस्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ । कार्यालयबाट बैंक स्टेटमेन्टका आधारमा राजस्वको आर्थिक विवरण तयार पारी विभिन्न शिर्षकहरुमा गरी असुली र दाखिला देखाएको छ । स्थानीय तहका कुनैपनि वडावाट राजस्व आम्दानी अभिलेख र स्थानीय निकाय संचित कोषमा दाखिला गरेको अभिलेख रजिष्टर दैनिक राजस्वको आम्दानी खाता (म.ले.प.फा.नं १०२) राजस्वको/आम्दानीको शिर्षकगत खाता (म.ले.प १०४) | |

| दफा | भौचर, मिति र व्यहोरा | बेरुजु रकम |
|---|---|---|
| | राजस्व/आम्दानीको दैनिक नगद प्राप्त गोश्वारा खाता (म.ले.प.फा नं १०७) राजस्वको /आम्दानीको लगत र असुली प्रतिबेदन (म.ले.प.फा.नं ११३) नराखेको तथा प्रविष्ट र जोड जम्मा नगरेको कारण अर्थिक बिवरणमा देखाएको रकम ठिक छ भनि एकिन साथ परीक्षण गर्न सकिएन । रजिष्टरमा अभिलेख नराख्दा दैनिक साप्ताहिक पाक्षिक तथा मासिक आम्दानी प्रतिवेदन हुनसक्ने देखिएन । साथै गाउँकार्यपालिकाले पनि निर्णय देखि असुली तथा दाखिला सम्मका अभिलेख व्यवस्थित गरी श्रेस्ता खडा गरेको छैन । यसवाट स्थानीय तहको बास्तबिक राजस्व असुली र दाखिला एकिन हुन सकेन । राजश्वको हिसाव व्यवस्थित तथा हिनामिना हुन नदिन आन्तरिक नियन्त्रणमा बिशेष ध्यान दिई आय तोकिएका ढांचा प्रयोगमा ल्याई उचित अभिलेखाङ्कन तथा परिचालन गर्नुपर्दछ । | |
| ३७.२. | गाउँपालीकाले आफ्नो क्षेत्रभित्र विभिन्न श्रोतवाट कर राजस्व तथा आम्दानी संकलन गर्न रसिदहरु छपाई गरी रसिद नियन्त्रण खाता तयार गरी अद्यावधिक गरेको पाइएन । यसवाट कुन शिर्षकमा कति राजस्व उठेको भन्ने हिसाव यथार्थ हुन सक्दैन ।गाउँपालीकाको आन्तरिक नियन्त्रण प्रणाली मजवुत वनाई राजस्व संकलनमा वृद्धि गर्ने गराउनेमा ध्यान दिनुपर्दछ । | |
| ३७.३. | **एकिकृत सम्पत्ति कर** —तातोपानी गाउँपालीका, जुम्लाको आर्थिक ऐन २०७६ मा उल्लेख भए अनुसार एकिकृत सम्पत्ति कर लगाईने र असुलउपर गरिने उल्लेख छ । तर गाउँपालीकाले आफ्नो क्षेत्रभित्र करको विभिन्न दर तोकेकोमा सो अनुरुपको कर एकिकृत सम्पत्ति कर गाउँपालिकामा लागु गरेको पाईएन । ऐनमा व्यवस्था भएअनुसार राजस्व संकलन वृद्धि गर्नेतर्फ ध्यानमा दिनुपर्दछ । | |
| ३७.४. | **व्यवसाय कर —** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५८ मा गाउपालीकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनूपर्ने व्यवस्था रहेको छ । गाउँ कार्यपालिकाको कार्यालयले व्यवसायीहरुको लगत राखी राजस्व असुल गर्नूपर्नेमा व्यवसायीहरुको लगत राखेको पाइएन । गाउँपालिकाले व्यक्तिगत स्वघोषणाका आधारमा मात्र व्यवसाय दर्ता भए/नभएको र नविकरण गर्ने गरेको तथा व्यवसाय दर्ता नभएका व्यवसायहरुको अनुगमन गरेको पाईएन । लेखापरीक्षणका क्रममा गाउँपालिकामा अवस्थित व्यवसायी संस्थाहरुको व्यवसाय दर्ता भएको प्रमाण लेखापरीक्षणार्थ पेश नभएकोले व्यवसाय कर एकिन हुने देखिएन । गाउँकार्यपालिका क्षेत्र भित्रका व्यावसायीलाई व्यवसायको अभिलेख राखि करको दायराभित्र ल्याउनु पर्दछ । | |
| ३७.५. | **बक्यौता रकम असुलीः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ९ मा वित्तीय अधिकार क्षेत्र अन्तर्गत विभिन्न कर तथा शुल्क लगाउने र आय ठेक्का वापत वक्यौता रकम समेत असुली गर्ने व्यवस्था छ । पालिकाले उठ्नुपर्ने रकमको लगत तयार गरेको छैन । प्राप्त भएको रकम मात्र आम्दानी गर्ने गरेको छ । आय ठेक्का, सम्पत्ति बिक्रि, मालपोत, अन्तशुल्क, आय ठेक्का, कर दस्तुरको वडागत लगत तयार नगरेवाट वक्यौता देखिन सक्ने अवस्था रहेन । राजश्व असुलीलाई व्यवस्थित गर्नुपर्दछ । | |
| ३८. | **स्थानीय भत्ता** भ्रमण खर्च नियमावली २०६४ को ७(११) अनुसार सरकारी कामको सिलसिलामा भ्रमणमा रहि दैनिक भ्रमण भत्ता उपयोग गर्ने पदाधिकारी वा कर्मचारीले दैनिक भत्ता उपयोग गरेको अवधिमा फिल्डभत्ता, बैठक भत्ता, स्थानीय भत्ता वा तालिम भत्ता लिन पाइदैन । कार्यालयको दरवन्दीमा रहेका कर्मचारीहरुले कार्यालयमा महिनौ दिन हाजिर नभएको अवस्थामा समेत स्थानीय भत्ता लिएको देखियो । यसरी नियम विपरित १५ दिन रुजु हाजीर नभई स्थानीय भत्ता भुक्तानी लिएको रकम यकिन गरी सम्बन्धित कर्मचारीहरुबाट असुल गर्नुपर्दछ । | |
| ३९. | **पुर्वाधार विशेष कार्यक्रम**<br>**दररेट फरक पारी भुक्तानी** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व निमावली २०७७ को नियम ३९ (५) मा सरकारी रकम खर्च गर्दा खर्चको पुष्टि गर्ने विल, भरपाई, प्रमाण र कागजात संलग्न राखी अधिकार प्राप्त अधिकारीबाट स्वीकृत गराइ खर्च गर्नु पर्ने व्यवस्था छ ।कार्यालयले योजना निर्माण कार्यहरुको भुक्तानी गर्दा स्विकृत दररेट अनुसार भुक्तानी गर्नुपर्दछ । निर्माण कार्यको लागी पालिकावाट स्विकृत दररेट भन्दा बढी दरमा भुक्तानी गरेकाले बढी व्ययभार परेको रकम सम्वन्धित उपभोक्ता | २१११०. |

| दफा | भौचर, मिति र व्यहोरा | बेरुजु रकम |
|---|---|---|
| | समितिवाट असुल गर्नुपर्ने देखिएको रु. | ९३ |

| गो.भौ.नं मिति | योजनाको नाम | कामको विवरण | कामको परिमाण | भुक्तानी दर | भुक्तानी हुनुपर्ने | बढी भुक्तानी |
|---|---|---|---|---|---|---|
| ६-३/२५ | जनप्रिय आ.वि. | item no 1, site clearance work | ४० | ९३.९४ | २९ | २५९७.६० |
| | | item no.6, framework for slab | १९.४ | १०३५.४१ | ६१८.९५ | ८०७९.३३ |
| | | item no.11, CGI sheet for roofing | ३० | ९८१ | ६३३.१९ | १०४३४ |
| जम्मा | | | | | | २१११०.९३ |

| दफा | भौचर, मिति र व्यहोरा | बेरुजु रकम |
|---|---|---|
| ४०. | (गो.भौ.नं.७-३/२५) डुग्रिवाट कैलाश थान हुदै ओखरियाताल सम्म ग्रामिण सडक निर्माणका लागी उपभोक्ता समिति मार्फत् काम भएकोमा पालिकावाट रु.५०,००,०००.०० खर्च लेखेकोमा वरिष्ठ निर्माण सेवा वाट मेसिनको प्रयोगवाट रु.५६५०००.०० (भ्याट सहित) को काम गराएको पाइयो । यसरी काम गर्दा वातावरण प्रभाव मुल्याँकन नगरी उपभोक्ता समितिको काममा मेसिन प्रयोगको स्विकृति नलिएको साथै प्राविधिक प्रतिवेदन पेश नभएकाले सम्झौता अनुरुपको काम नभएकोले अनियमित भएको रु. | ५६५०००.०० |
| ४१. | **सम्झौता पेश नभएको** (गो.भौ.नं.३८-३/३०) कैलाश आधारभूत विद्यालय शौचालय निर्माणका लागी गाउँपालीकासँगको सम्झौता पेश नभएकोले कार्यसम्पन्न भएको रु.८४३२९१.६० मध्ये रु.६७२०००.०० भुक्तानी भएकोमा यसवाट शौचालय निर्माण कार्यको जनश्रमदान तथा हुनुपर्ने भुक्तानी वारे यकिन हुन सकिएन । सम्झौता पेश हुनुपर्दछ । | |
| ४२. | **अग्रिम कर -** (गो.भौ.नं.५१-३/३१) आयकर ऐन २०५८ को दफा ८८ मा पारिश्रमिक कर लाग्ने आयमा रकम भुक्तानी गर्दा १५ प्रतिशतले हुने कर रकम कट्टी गरी भुक्तानी दिनुपर्ने व्यवस्था छ । कार्यालयले विद्यालय भौतिक पुर्वाधार निर्माण अनुदानवाट शहदेव मा.वि.लाई रु.९५००००.०० भुक्तानी गर्दा योगेश जनरल अर्डर सप्लायर्सलाई विल नं.३९-०७७/२/३१ वाट भ्याट सहित जम्मा रु.४५६२३७.५० भुक्तानी गर्दा १.५ प्रतिशतले हुने रु.६०५६.०० कर रकम कट्टा नगरेको देखिएकोले सम्वन्धितवाट असुल गरी राजस्व दाखिला गर्नुपर्ने रु. | ६०५६.०० |
| | **मुख्यमन्त्री रोजगार कार्यक्रम** | |
| ४३. | **बढी भुक्तानी :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ बमोजिम वास्तविक खर्चको आधारमा भुक्तानी हुनुपर्दछ।पालिकाले शिला खोला सिचाई कुलो निर्माण कार्यको भुक्तानी गर्दा कार्य सम्पन्न प्रतिवेदन र उपभोक्ता समितीको विल अनुसार कुल काम भएको रु १०३०६८०.०० मा जनसहभागिताको अंश रु ५१९५८.०० घटाई रु ९७८७२२.०० मात्र भुक्तानी हुनुपर्नेमा रु १०,०००००.०० भुक्तानी भएकोले वढी भुक्तानी भएको रु २१२७८.०० रकम असुल हुनुपर्ने रु......... | २१२७८.०० |
| ४४. | **मुख्यमन्त्री दलित महिला कार्यक्रम**<br>**दररेट फरक पारी भुक्तानी** (गो.भौ.नं.१-३/२५)कार्यालयले योजना निर्माण कार्यहरुको भुक्तानी गर्दा स्विकृत दररेट अनुसार भुक्तानी गर्नुपर्दछ । गुरुदेव महिला फलफुल तथा तरकारी उत्पादन समूह तातोपानी, जुम्लावाट सडक निर्माणको कार्य सम्पन्न भई रु.४,७७,०००.०० रकम भुक्तानीको गर्दा item no. 2 Excavation of road way soft rock का लागी ७५.६४ क्यू. मिटर कामको स्वीकृत गाउँपालीका दररेट रु.१४९३.५० ले हुने रु.११२९६८.३४ भुक्तानी हुनुपर्नेमा रु.२९०० का दरमा रु.२१९३५६.०० भुक्तानी भएकोले बढी भुक्तानी भएको रु.१०६३८८.०० सम्वन्धित उपभोक्ता | १०६३८८ |

| दफा | भौचर, मिति र व्यहोरा | बेरुजु रकम |
|---|---|---|
| | समितिवाट असुल गर्नुपर्ने देखिएको रु... | |
| ४५. | **रितपुर्वकको बिजक बेगर भुक्तानी -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ (५) मा सरकारी रकम खर्च गर्दा खर्चको पुष्टि गर्ने विल, भरपाई, प्रमाण र कागजात संलग्न राखी अधिकार प्राप्त अधिकारीबाट स्वीकृत गराइ खर्च गर्नु पर्ने व्यवस्था छ । गाउँपालिका कार्यालयले निम्नानुसारको कारोवारमा विजक नं. हातले लेखेको विल पेश गरेवाट रितपुर्वकको विल भरपाई बेगर भुक्तानी गरेको देखिएकोले बिजक पेश गर्ने वा भुक्तानी रकमको मुल्य अभिवृद्धि कर रु.१२७९८७.२ को मू.अ.कर समायोजन प्रमाण पेश गर्नुपर्ने रु.... | १२७९८७.२० |

| सि.नं | गो.भौ.नं.मिति | भुक्तानी लिने फर्म वा संस्था | भुक्तानी रकम | मु.अ.क. रकम | कैफियत |
|---|---|---|---|---|---|
| १ | १-३/२५ | प्रतिज्ञा जनरल स्टोर्स (६०२८३२१२२) | ४८५९९०.०० | ५५९१० | मुख्यमन्त्रि दलित महिला कार्यक्रम |
| २ | ७-१/२४ | प्रतिज्ञा जनरल स्टोर्स (६०२८३२१२२) | १५१८७.२० | १७४७.२० | प्रकोप व्यवस्थापन कोष |
| ३ | ८-१/२५ | प्रतिज्ञा जनरल स्टोर्स (६०२८३२१२२) | ४६१०४०.०० | ५३०४० | प्रकोप व्यवस्थापन कोष |
| ४ | ४८-३/१८ | दिपेश जनरल जनरल एण्ड अर्डर सप्लायर्स (६१२८१००९१) | १५०२९०.०० | १७२९० | प्रकोप व्यवस्थापन कोष |
| | | **जम्मा** | | **१२७९८७.२०** | |

| दफा | भौचर, मिति र व्यहोरा | बेरुजु रकम |
|---|---|---|
| ४६. | **प्रकोप व्यवस्थापन कोष**<br>कोरोना उपचार तथा व्यवस्थापनमा खटिएवापत जनप्रतिनिधि ६ जना तथा कर्मचारी ५९ जना गरी जम्मा ६५ जना लाई रु.८५०००००.०० प्रोत्साहन भत्ता भुक्तानी गरेकोमा नियमानुसार लाग्ने अग्रीम कर १२७५००.०० कट्टी गर्नुपर्नेमा जम्मा रु.८५००.०० मात्र कट्टी गरेकेले वाँकी रु.११९०००.०० सम्वन्धितवाट असुल गर्नुपर्ने देखिएको रु. | ११९००० |
| | **सामाजिक सुरक्षा तर्फः-** | |
| ४७. | **सामाजिक सुरक्षा खर्चः** सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०७५ को दफा १५ बमोजिम कार्यालयले पेश गरेको विवरण अनुसार आ व २०७६।७७ मा यस पालिकाका ८ वटा वडाको लागि सामाजिक सुरक्षा भत्ता बापत रु ५९५५४०००.०० निकासा भएकोमा रु ५९४२१०००.०० वितरण गरेको र रु १३३०००.०० लेखा परीक्षणको क्रममा सञ्चित कोष दाखिला हुन आएको छ । ।यस सम्बन्धमा देखिएको व्यहोरा देहाय अनुसार छ। | |
| ४८. | सामाजिक सुरक्षा कार्याक्रम सञ्चालन कार्यविधि, २०७५ को १३ नाम दर्ता र नवीकरणबाट आगामी आर्थिक वर्षका लागि कायम हुन आएको लाभग्राहीको विवरण प्रत्येक स्थानीय तहले फागुन मसान्तभित्र विभागले सञ्चालनमा ल्याएको व्यवस्थापन सूचना प्रणाली (एम.आई.एसं) मा अनिवार्य रुपमा प्रविष्टि गर्नुपर्नेमा समयमै सो कार्य भएको छैन। यसमा सुधार हुनुपर्दछ । | |
| ४९. | सामाजिक सुरक्षा कार्याक्रम सञ्चालन कार्यविधि, २०७५ को १६(घ) बैकिङ प्रणाली प्रणाली मार्फत सामाजिक सुरक्षा भत्ता वितरणमा नगइसकेको स्थानीय तहको हकमा सम्बन्धित वडा समितिको | |

| दफा | भौचर, मिति र व्यहोरा | बेरुजु रकम |
| --- | --- | --- |
| | रोहवरमा भत्ता रकम वितरण गर्नुपर्ने व्यवस्था भएकोमा सम्पुर्ण वडाहरुमा कार्यान्वयन भएको छैन । | |
| ५०. | **बैंक मार्फत भत्ता वितरण नगरिएको:** सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को दफा २२ मा मन्त्रालयको स्वीकृति विना हातहातै नगद वितरण गर्न नहुने र निजको व्यक्तिगत नाममा बैंकमा खोलिएको सामाजिक सुरक्षा विशेष बचत खातामा उल्लिखित म्याद भित्र जम्मा गरिदिनुपर्ने व्यवस्था छ ।यस गाउँ पालिकाको ८ वडा का सम्पुर्ण लाभग्राहीहरुको नामा वैक खाता खोली सकेको छैन । गाउँ पालिकाको ८ वडा का सम्पुर्ण लाभग्राहीहरुको नाममा सामाजिक सुरक्षा विशेष बचत खोल्ने व्यवस्था हुनुपर्दछ । | |
| ५१. | **शिक्षकको तलबः-** कार्यालयले आफ्नो कार्यक्षेत्र अन्तर्गतका विभिन्न विद्यालयहरुमा कार्यरत शिक्षकहरुको तलबी प्रतिवेदन पारित गराई शिक्षकहरुको तलब भत्ता निकासा गर्नुपर्दछ ।कार्यालयले विभिन्न विद्यालयहरुमा कार्यरत शिक्षकहरुको तलबी प्रतिवेदन पारित नगराई तलब भत्ता वापत रु.५६७९३९५९.०० खर्च लेखेकोले यकिन हुन सक्ने अवस्था देखिएन । | |

अनुसुची-१

# तातोपानी गाउँपालिकाको संचितकोष विवरण
# २०७६/७७

**कर्णाली प्रदेश** **(रु.हजारमा)**

| जिल्ला | स्थानीय तह | लेखापरीक्षण रकम | बेरुजू रकम | प्रतिशत | आय | | | | | | व्याय | | | | मौज्दात बाँकी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | गतवर्षको जिम्मेवारी | संघ तथा प्रदेश अनुदान | राजस्व बाँडफाँट रकम | आन्तरिक आय | अन्य आय | जम्मा आय | चालु खर्च | पूंजीगत खर्च | अन्य खर्च | जम्मा खर्च | |
| जुम्ला | तातोपानी गाउँपालिका | ६३९३०८ | ४६८५ | ०.७३ | ४०४२२ | २६८८२४ | ४८९८७ | ३०१६ | ८०९०० | ४०१७२७ | २५६२०१ | ७६७३२ | ३१७७६ | ३६४७०९ | ७७४४० |

अनुसुची-२

# तातोपानी गाउँपालिकाको बेरुजु बर्गिकरण( विनियोजन, राजस्व, धरौटी तथा अन्य कारोबार)

**(रु.हजारमा)**

| जिल्ला | स्थानीय तह | प्रारम्भिक बेरुजू | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | बाँकी बेरुजू | | | वाँकी बेरुजू | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | अशुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेश्की | | |
| | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजश्व लगत जिम्मेवारी नसारेको | सोधभनां नलिएको | जम्मा | कर्मचारी | अन्य | जम्मा |
| जुम्ला | तातोपानी गाउँपालिका | ३७ | २० | ४६८५ | ० | ० | ० | ३७ | २० | ४६८५ | १००४ | ५६५ | १३०० | ० | ० | १८६५ | ० | १८१६ | १८१६ |

अनुसुची-३

# तातोपानी गाउँपालिकाको अध्यावधिक बेरुजु स्थिति

**(रु.हजारमा)**

| जिल्ला | स्थानीय तह | गत बर्ष सम्मको वाँकी वेरुजु | समायोजन | सं प को लागि अनुरोध भइ आएको रकम | संपरीक्षण भएको रकम | संपरीक्षण गर्न नमिलेको रकम | कारवाही गर्न बाँकी रकम | गत वर्षसम्मको वाँकी रकम | यो वर्षको थप रकम | यस वर्ष सम्मको वाँकी वेरुजु | यस वर्ष सम्मको वाँकी वेरुजु मध्ये पेश्की |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| जुम्ला | तातोपानी गाउँपालिका | **५१३६५** | ० | ० | ० | ० | ० | **५१३६५** | ४६८५ | ५६०५० | ५०२२ |